बैठक संख्या : ८८ (अठास्सी)
समय :

आज मिति २०८० आश्विन २५ गते विदुर नगरपालिकाका प्रमुख श्री राजन श्रेष्ठ ज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिका बैठक बसियो ।

| सि.न. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | प्रमुख | |
| २ | श्री प्रभा बोगटी | उप प्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री निलम बाबु ढुंगेल | वडा अध्यक्ष | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | |
| ८ | श्री श्यामकृष्ण चालिसे | वडा अध्यक्ष | |
| ९ | श्री रविन्द्र नेपाल | वडा अध्यक्ष | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री बाबुराम तमाङ | वडा अध्यक्ष | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | |
| १५ | श्री भरत बहादुर तमाङ | वडा अध्यक्ष | |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | |
| १७ | श्री शिव बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | |
| १९ | श्री इन्दिरा मिजार | कार्यपालिका सदस्य | |
| २० | श्री राधिका तमाङ | कार्यपालिका सदस्य | |
| २१ | श्री विन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | |
| २३ | श्री सबु मिजार | कार्यपालिका सदस्य | |
| २४ | श्री विनोद कुमार खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

Scanned with CamScanner

## ८८ औं कार्यपालिका बैठक (२०८०।०६।२५)

**विषय सूची:**

१. ८७ औं कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा
२. वडा स्तरीय तालिम प्राप्त मेलमिलापकर्ताहरुको सूचीकृत, पारिश्रमिक तथा सहमती सम्बन्धमा
३. ०७८/०७९ को अंग्रेजी पाठ्यपुस्तकको भुक्तानी सम्बन्धमा
४. बिदुर न.पा.वडा नं.१३ माथिल्लो टारी सिंचाई योजना सम्बन्धमा
५. बिदुर खानेपानी उपभोक्ता संस्थाको विभिन्न मितिमा भएको योजना क्षतीको साझेदारी सम्बन्धमा
६. व्यवसाय दर्ता कर असुली तथा राजश्व संकलन टोली परिचालन सम्वन्धमा
७. कन्सुलर प्रमाणिकरणमा दोहोरो शुल्क सम्बन्धमा
८. कृषि तथा पशु शाखावाट गरिने सिफारिस शुल्क सम्वन्धमा
९. नुवाकोट साततले दरवार पुन:निर्माण सम्बन्धमा
१०. ट्रमा सेन्टर स्थापना सम्बन्धमा
११. समुदायमा आधारित संघ संस्था दर्ता तथा परिचालन सम्वन्धी कार्यविधि सम्वन्धमा
१२. विविध
- क) हिन्दुहरुको महान चाड वडा दशै, दिपावली, नेपाल सम्वत र छठ पर्व २०८० को शुभकामना सम्बन्धमा
- ख) विद्यालयहरुमा मनोपरामर्श कार्यक्रम संचालन सम्बन्धमा
- ग) धानमा खैरे फड्के किराले गरेको क्षेती सम्बन्धमा

**निर्णयहरु:**

**प्रस्ताव नं.१:** ८७ औं कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा

**निर्णय नं.१:** नगरकार्यपालिकाको ८७औं वैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका वारेमा समिक्षा/छलफल गरी कार्यान्वयन हुन वाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धीत शाखालाई निर्देशन दिने ।

**प्रस्ताव नं.२:** वडा स्तरीय तालिम प्राप्त मेलमिलापकर्ताहरुको सूचीकृत, पारिश्रमिक तथा सहमती सम्बन्धमा

Scanned with CamScanner

निर्णय नं.२:

क) बिदुर नगरपालिका अन्तर्गतका वडाहरुवाट छनौट भई तालिम प्राप्त भएका मेलमिलापकर्ताहरुलाई सूचिकृत गर्ने ।

ख) वडा स्तरीय मेलमिलापकर्ता संयोजकलाई कार्यक्रममा वजेटको व्यवस्था भएको हुँदा मासिक संचार खर्च रु.२५००। उपलब्ध गराउने ।

ग) वडामा भएका विभिन्न किसिमका विवादहरुलाई सहमती/समाधान गरे वापत कार्यक्रममा वजेट विनियोजन भएको हुँदा मेलमिलापकर्ता ३ जना सम्मलाई प्रति महिना २ वटा विवाद सहमती/समाधान वापत रु.९००। सुविधा उपलब्ध गराउने ।

**प्रस्ताव नं.३:** ०७८/०७९ को अंग्रेजी पाठ्यपुस्तकको भुक्तानी सम्वन्धमा ।

**निर्णय नं.३:** बिदुर नगरपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुको शैक्षिक सत्र २०७९ मा विद्यालय भर्ना भएका विद्यार्थीहरुलाई अंग्रेजी माध्यमको पाठ्यपुस्तक उपलब्ध गराए वापतको रकम सोही वर्ष भुक्तानी हुनु पर्नेमा नभई गएको आ.व.मा पनि नगरपालिकाले आर्थिक दायित्व नलिएको र कार्यक्रममा वजेट व्यवस्थापन नभएको कारण भुक्तानी दिन नसकिएको र दायित्व पनि सरी नआएकोले भूक्तानी दिने सूचीमा कार्यक्रम समावेश नभएको कारण भुक्तानी दिन नसकिएको हुँदा उक्त रकम भुक्तानी वाँकी सूचीमा समावेश गरी पुरानो योजना भुक्तानी शीर्षकवाट विल अनुसार रकम भुक्तानी गर्ने ।

**प्रस्ताव नं.४:**बिदुर न.पा.वडा नं.१३ माथिल्लो टारी सिंचाई योजना सम्बन्धमा

**निर्णय नं.४:** बिदुर नगरपालिका वडा नं.१३ को माथिल्लो टारी सिंचाई आयोजना गत आ.व.मा काम सम्पन्न भएको र यस आर्थिक वर्षमा भुक्तानी शीर्षकमा योजनाको नाम समावेश नभएको हुंदा यस आ.व.मा दायित्व सृजना गरी पुराना योजनाको भुक्तानी शीर्षकवाट सम्झौता अनुसारको रकम भुक्तानी गर्ने ।

**प्रस्ताव नं.५:** बिदुर खानेपानी उपभोक्ता संस्थाको विभिन्न मितिमा भएको योजना क्षतीको साझेदारी सम्बन्धमा

**निर्णय नं.५:** मिति २०८० भाद्र २६ र २७ गते परेको अविरल वर्षात पछि आएको सुख्खा पहिरोको कारण बिदुर नगरपालिकामा संचालनमा रहेको फलाखुं खोला मुहानवाट ल्याईएको खानेपानी योजनालाई क्षेती पुऱ्याएको र उपभोक्ता समिति र बिदुर नगरपालिकाको साधन स्रोतले मात्र उक्त योजना संचालन गर्न नसकिने भएको हुंदा प्रदेश सरकारवाट रु.१५ लाख र जिल्ला समन्वय समितिको कार्यालय, नुवाकोटवाट रु.३ लाख आर्थिक सहयोग प्राप्त भएको

Scanned with CamScanner

र उक्त रकमवाट काम सम्पन्न नहुने भएमा प्राविधिक लागत इष्टमेट अनुसारको बाँकी रकमको लागि यस नगरपालिकाले सहजिकरण गर्ने ।

**प्रस्ताव नं.६:** व्यवसाय दर्ता कर असुली तथा राजश्व संकलन टोली परिचालन सम्वन्धमा

**निर्णय नं.६:** बिदुर नगरपालिकाले आर्थिक वर्ष ०८०/०८१ लाई कर संकलन वर्ष घोषणा गरे संगै बिदुर न.पा.वडा नं.७ वाट व्यवसाय दर्ता तथा कर संकलन कार्यक्रम शुरु गरी केही समय स्थगीत भएको कार्यक्रम पुनः संचालन गर्न राजश्व शाखाका प्रमुख नवराज सापकोटाको संयोजकत्वमा आवश्यकता अनुसारको एक समिति गठन गरी पुन संचालन गर्न कार्यालयलाई निर्देशन दिने ।

**प्रस्ताव नं.७:** कन्सुलर प्रमाणिकरण शुल्क सम्वन्धमा

**निर्णय नं.७:** वैदेशिक प्रयोजनको लागि सेवाग्राहीहरुले विभिन्न किसिमका कागजातहरुमा यस कार्यालयवाट कन्सुलर प्रमाणिकरण गर्नु पर्ने र उक्त कागजातहरु सम्वन्धीत वडा कार्यालयहरुवाट तयार गरी ल्याउँदा वडा कार्यालयहरुमा पनि राजश्व तिर्ने गरेको र यस कार्यालयवाट कन्सुलर प्रमाणित गर्दा पनि कर तिर्नु पर्ने कानूनी व्यवस्था भएको हुँदा वडावाट गर्ने सिफारिस र यस कार्यालयवाट कन्सुलर प्रमाणिकरण कार्य फरक फरक भएको हुँदा वडामा राजश्व तिरेको भए पनि यस नगरपालिकावाट कन्सुलर भेरिफिकेशन शीर्षकमा नियमानुसार कर लिने निर्णय गरियो ।

**प्रस्ताव नं.८:** कृषि तथा पशु शाखावाट गरिने सिफारिस शुल्क सम्वन्धमा

**निर्णय नं.८:** बिदुर नगरपालिका अन्तर्गत कृषि तथा पशु शाखाले किसानका विभिन्न किसिमका समस्याहरु नगरपालिकावाट गर्दै आएको र आगामी दिनमा पनि उक्त कार्यक्रमलाई निरन्तरता दिदै यस कार्यालयवाट किसान संग सम्बन्धित विभिन्न किसिमको सिफारिस निशुल्क गर्ने ।

**प्रस्ताव नं.९:** नुवाकोट साततले दरबार पुनःनिर्माण सम्वन्धमा

**निर्णय नं.९:** २०७२ साल वैशाख १२ गते गएको विनाशकारी भूकम्पले यस नगरपालिका वडा नं.२ मा रहेको ऐतिहासिक धरोहर नुवाकोट साततले दरबार क्षतीग्रस्त भई हाल सम्म पनि पुनःनिर्माण हुन नसकी जिर्ण अवस्थामा रहेको हुँदा उक्त संरचना पुनःनिर्माण गर्न संघीय सरकार अन्तर्गत संस्कृती पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र पुरातत्व विभागमा क्षतीग्रस्त नुवाकोट साततले दरबार पुनःनिर्माण गर्न अनुरोध गरी पठाउने ।

Scanned with CamScanner

**प्रस्ताव नं.१०:ट्रमा सेन्टर स्थापना सम्बन्धमा**

**निर्णय नं.१०:**गल्छी-मैलुङ-स्याफ्रुवेशी-रसुवागढी देखि केरुङ सम्म जाने सडक मार्ग यसै नगरपालिका हुँदै जाने र धादिङ जिल्लाको केही क्षेत्र र रसुवा जिल्लाको पुरै क्षेत्रका मानिसहरु स्वास्थ्य उपचार गर्नको लागि यस जिल्लामा आउने गरेको हुँदा उपचारको क्रममा ट्रमा सेन्टरवाट समेत उपचार गराउनु पर्ने बिरामीहरुलाई यस जिल्लामा ट्रमा सेन्टर नभएको कारण बिरामीहरुलाई काठमाण्डौमा लैजानु पर्ने बाध्यता भएको हुँदा बिदुर न.पा.वडा नं.५ को श्री चन्द्रज्योती माध्यमिक विद्यालयको जग्गामा ट्रमा सेन्टर निर्माण तथा स्थापना गर्ने डि.पी.आर.समेत तयार गरी आवश्यक भौतिक पूर्वाधार निर्माणको लागि भारतिय राजदुतावासलाई प्रस्ताव पेश गर्ने ।

**प्रस्ताव नं.१०:** समुदायमा आधारित संघ/संस्था दर्ता तथा परिचालन सम्वन्धी कार्यविधि २०८० सम्बन्धमा

**निर्णय नं.१०:** समुदायमा आधारित संघ/संस्था दर्ता तथा परिचालन सम्वन्धी कार्यविधि २०८० विधायन समितिवाट छलफल पश्चात अर्को कार्यपालिकामा पेश गर्ने ।

**प्रस्ताव नं ११ : विविध**

**निर्णयः**

**क) हिन्दुहरुको महान चाड वडा दशै, दिपावली र छठ पर्व २०८० को शुभकामना सम्बन्धमा**

आउँदै गरेको हिन्दुहरुको महान् चाड वडा दशैं, दिपावली, नेपाल सम्वत र छठ पर्व २०८० को उपलक्ष्यमा बिदुर नगरवासी लगायत स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सु-स्वास्थ्य, दिर्घायु र उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने ।

**ख) विद्यालयहरुमा मनोपरामर्श कार्यक्रम संचालन सम्बन्धमा**

यस विदुर नगरपालिका अन्तर्गत संचालित माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई बिदुर नगरपालिकावाट मनोपरामर्श कार्यक्रम संचालन गर्ने ।

**ग) धानमा खैरे फड्के किराले गरेको क्षती सम्बन्धमा**

यस विदुर नगरपालिका अन्तर्गतका विभिन्न वडाहरुमा किसानले लगाएको धानबालीमा खैरो फड्के किराले अन्दाजि १६८० रोपनी क्षेत्रफलमा लगाएको धानबाली नष्ट गरेको हुँदा नगरपालिकाबाट मात्र सो धानबालीमा लागेको रोग नियन्त्रण गर्न असम्भव भएको हुँदा कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा सिफारिस गरि पठाउने ।

Scanned with CamScanner

## हरेक वडाका सुचिकृत मेलमिलाप कर्ता

**वडा नं १**

- एलिना तिमिल्सिना
- रुपा थापा
- उपेन्द्र थपलिया
- चण्डिका थपलिया
- रेनुका अधिकारी
- सबु बस्नेत
- कमला कुवाँर

**वडा नं २**

- राजु बस्नेत
- उत्सव अर्याल
- श्याम प्रसाद अधिकारी
- ऋषि प्रसाद रिजाल
- अनिल भण्डारी
- राधादेवि थापा

**वडा नं ३**

- प्रशुत अमात्य
- विन्दा प्याकुरेल
- चोत कुमारी वडाल
- शंकर प्रसाद घिमिरे
- यादभ अर्याल
- खडानन्द अर्याल
- बिष्णु रिमाल

**वडा नं ४**

- सिताराम पौडेल
- सन्तोष प्रसाद खनाल
- रश्मी पाण्डे लोहनी
- अन्जु आर्चाय

**वडा नं ५**

मणिराज धिमिरे
हरिप्रसाद भटराई
सुमना डंगोल लवट
सरिता डंगोल
मान बहादुर मानन्धर
रामहरि कुमाल

**वडा नं ६**

राजकुमार आर्चाय
अनिरुद्र अमात्य
सावित्री प्याकुरेल रिमाल
ज्ञानु राई
रामराजा अर्याल
रामकाजि दिक्षित

**वडा नं ७**

शम्भु अधिकारी
रामकृष्ण अधिकारी
राधिका खतिवडा नेपाल
शेर बहादुर तामाङ
सरस्वती नेपाल अधिकारी
सुस्मा अधिकारी
शारदा आर्चाय अधिकारी

**वडा नं ८**

इन्द्र बहादुर मिजार
संगिना विश्वकर्मा
जयराम खड्का
रामचन्द्र पौडेल

Scanned with CamScanner

- मेनुका मिश्र नेपाल — सुपानि तामाङ
- विष्णुहरि रिमाल — दिपक श्रेष्ठ
- भवानी पाठक — पुरुषोतम डंगोल

| वडा नं ९ | वडा नं १० |
|---|---|
| मिष्टर श्रेष्ठ | दामोदर खतिवडा |
| राजेन्द्र बहादुर बस्नेत | गोमा मिश्र |
| रबिन्द्र नेपाली | सविना पाण्डे |
| दिपा घिमिरे | लक्ष्मी घले |
| साबित्री लामिछाने | अष्टमान डंगोल |
| होम बहादुर बोगटी | राम प्रसाद प्याकुरेल |
| हरि बहादुर भण्डारी | लेखनाथ रिजाल |

| वडा नं ११ | वडा नं १२ |
|---|---|
| अर्जुन बहादुर प्याकुरेल | सुवित लामा |
| कृष्ण मान घले | श्रीकृष्ण रिमाल |
| घनश्याम न्यौपाने | नवराज रिमाल |
| प्रल्हाद लामा तामाङ | राधिका घिमिरे |
| रामहरी नेपाल | करुण रिजाल |
| हित बहादुर तामाङ | रामजी भट |
| मदन कुमार न्यौपाने | |

वडा नं १३

सविता थापा

सन्तोषी रिजाल खड्का

राममाया न्यौपाने

दुर्गा नारायण श्रेष्ठ

जगन्नाथ भट

अस्मिता नेम्वाङ

गिता भण्डारी

Scanned with CamScanner